# स्थानीय तह निर्वाचन (तेस्रो संशोधन) निर्देशिका, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।२।३१**

स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको निर्देशिका बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (तेस्रो संशोधन) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ३९ मा संशोधन** : स्थानीय तह निर्वाचन निर्देशिका, २०७३ को दफा ३९ को उपदफा (१) को खण्ड (च) को,-

(१) उपखण्ड (३) मा रहेका "गाउँपालिका वा नगरपालिकाले" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपखण्ड (७) मा रहेका "गाउँपालिका वा नगरपालिकाले" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका, नगरपालिका वा अधिकार प्राप्त निकायले" भन्ने शब्दहरु राखिएका छन् ।